नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

प्रेस विज्ञप्ति

पृष्ठभूमि

नेपाली जनताको बिगत ६५ बर्षदेखिको आफ्नो संबिधान आफैं लेख्ने चाहना पूरा भइ नेपालको संबिधान लागू भइ देश नयाँ चरणमा प्रवेश गरेको छ । यस स्थितिमा देशको अबको प्राथमिकता समानुपातिक विकास र समृद्धि हुन आवश्यक देखिएको छ । देशको पूर्वाधार बिकासमा सडक यातायातको ठूलो महत्व रहेको छ । देशको भौगोलिक अवस्था तथा अन्य परिस्थितिको बिबेचना गर्दा अन्य माध्यमको तुलनामा सडक यातायात विकासको अझ बढी महत्व झल्किन्छ ।

आवधिक योजनाको नवौं योजनामा यातायात क्षेत्र अन्तर्गत सडक उपक्षेत्रको मूल लक्ष्य "कुल यातायात खर्च न्यूनतम राख्ने" भन्ने निर्धारण गरिएकोमा यस लक्ष्य प्राप्तिका लागि सडक पहुँच नपुगेका क्षेत्रहरुमा सडक पहुँच पुराउनुको साथै यातायातलाई भरपर्दो, सुरक्षित र कम खर्चिलो बनाउने गरी योजना तर्जुमा, निर्माण तथा सम्भार सम्बन्धि कार्यहरुको प्रभावकारी व्यवस्थापन हुँदै आएको छ ।

भौगोलिक अवस्था र रणनैतिक सोच एवं दृष्टि अनुरुप विद्यमान सडक सञ्जालको विकास हुन नसकेको र रेलमार्गमा खासै काम नभएको विद्यमान अवस्थामा केही समय अघि मात्रको विनाशकारी भूकम्पले चीनसंग नेपाललाई जोड्ने एकमात्र अरनिको राजमार्गमा पुगेको क्षति र नेपाल भारत सिमानामा विकसित प्रतिकूल परिस्थितिमा यातायात र पारवहनमा सहजता नभएको अनुभववाट पाठ सिक्दै आगामी दिनहरुमा त्यस्तो असहज परिस्थिति पुनरावृत्ति हुन नदिने तर्फ काम गर्नु पर्ने भएको छ ।

साथै मुलुक संघीय संरचनामा प्रवेश गरीसकेको वर्तमान अवस्थामा संघ र प्रदेशहरुवीच, प्रदेश-प्रदेशबीच, प्रदेश र स्थानीय निकायहरुवीच र छिमेकी मुलुकहरुसँगको यातायात सम्पर्कका लागि प्रभावकारी, दिगो, भरपर्दो सुरक्षित र कम खर्चिलो यातायात सेवा प्रदान गर्न राष्ट्रिय सडक सञ्जालको विकास र सुदृढिकरण, रेलमार्गको क्रमिक बिकास तथा प्रभावकारी यातायात व्यवस्थापन गरी समृद्ध नेपाल निर्माण गर्नुपर्ने भएको छ ।

यी उद्देश्य तथा आवश्यकतालाई आगामी पाँच वर्षभित्र पुरा गर्नका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तयार पारेको "समृद्ध नेपालका लागि सडक, रेल तथा यातायात विकासको पाँच वर्षे रणनीतिक योजना, (२०७३–२०७८)" नेपाल सरकार, मन्त्रिपरिषद्ले २०७२/१२/१ मा स्वीकृत गरेको छ ।

स्वीकृत पाँच वर्षे रणनितिक योजनाका प्रमुख कार्यक्रम निम्नानुसार रहेको छ ।

(अ) सडक क्षेत्र अन्तर्गत प्रमुख कार्यक्रम

१. भूकम्पवाट क्षतिग्रस्त सडक संरचनाहरुको पुनर्निर्माण तथा आधारभुत सडक सञ्जाल विस्तार

भूकम्पवाट क्षतिग्रस्त सडक संरचनाहरुको पुनर्निर्माण अन्तर्गत अरनिको राजमार्ग, वि.पि. राजमार्ग, गोरखा-बारपाक सडक लगायत भूकम्पवाट क्षति भएका करीब ४०० कि.मि. सडक एवं ८७ वटा पुलहरुको पुनर्निर्माण, पुनर्स्थापना र दोलखा-सिंगटी, पांचखाल- मेलम्ची र धादिङ्ग -आरुघाट -गोरखा गरी १३५ कि.मि. सडकलाई भूकम्प पछिको पुनर्निर्माणको नमूना सडकको रुपमा स्तरोन्नति तथा पुनर्निर्माण कार्य ३ वर्षमा सम्पन्न गरिनेछ ।

७५ जिल्ला सदरमुकाममध्ये सडक सञ्जालवाट नजोडिएका बांकी दुई जिल्ला सदरमुकाम डोल्पाको दुनैलाई २ वर्षमा तथा हुम्लाको सिमिकोटलाई चीन तर्फवाट २ बर्षमा र कालीकोट तर्फबाट ५ वर्षमा ट्र्याक निर्माण सम्पन्न गरी राष्ट्रिय सडक सञ्जालसंग जोडिनेछ ।

हाल ६७ जिल्ला सदरमुकामसम्म कालोपत्रे सडकवाट बाह्रै महिना यातायात संचालन भैरहेकामा आगामी २ बर्षमा थप ४ वटा जिल्लाहरु भोजपुर, खोटाङ, मुस्ताङ र बाजुरा जिल्ला सदरमुकामसम्म तथा मनाङ र

मुगुको सदरमुकाममा आगामी ५ वर्षमा कालोपत्रे सडक निर्माण सम्पन्न भई हुम्ला र डोल्पा बाहेक ७३ वटा जिल्ला सदरमुकामसम्म कालोपत्रे सडक सञ्जालबाट बाह्रै महिना यातायात संचालन हुनेछ। बांकी दुई जिल्ला सदरमुकाम सम्मको सडकलाई कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिनेछ।

२. प्रमुख राजमार्गहरुको विकास

पूर्व-पश्चिम राजमार्गको काकरभिट्टा-बुटवल (५८८ कि.मि.) खण्ड ५ बर्षमा चारलेनको एक्सप्रेसवे निर्माण कार्य सम्पन्न गरिनुका साथै वुटवल- गड्डाचौकी (४३९ कि.मि.) खण्डको डि.पि.आर. तयार गरी लेन विस्तार कार्य ५ बर्ष भित्रमा प्रारम्भ गरिनेछ।

पूर्व-पश्चिम राजमार्गको बैकल्पिक खण्डको रुपमा धरान- चतरा- गाईघाट- कटारी- सिन्धुली बजार- हेटौंडा सडक (३१८ कि.मि.) र तुल्सीपुर- पुरन्धारा-बोटेचौर सडक (८६ कि.मि.) दुई लेनको कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य ३ बर्षमा सम्पन्न गरिनेछ।

पृथ्वी राजमार्गको मुग्लिङ –पोखरा सडक खण्ड (९० कि.मि.) चार लेनमा र रत्न राजमार्गको कोहलपुर-सुर्खेत (८५ कि.मि.) खण्ड तथा सिद्धार्थ राजमार्गको बुटवल-पोखरा (१५७ कि.मि.) खण्डलाई २ लेनमा स्तरोन्नति गर्ने कार्य ३ वर्षमा सम्पन्न गरिनेछ।

मध्यपहाडी (पुष्पलाल) राजमार्गको कुल लम्बाई १७९७ कि.मि. मध्ये पुनः रेखाङ्कन भएका खुर्कोट-पाती भन्ज्याङ्ग खण्डको करिव ११७ कि.मि. ट्रयाक निर्माण कार्य २ वर्षमा सम्पन्न हुनेछ। यसै गरी १०७९ कि.मि. सडकलाई दुई लेनको कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य ५ वर्षमा सम्पन्न गरिनेछ। साथै सो सडकका १०५ वटा पुल निर्माण कार्य सम्पन्न गरिनेछ।

हुलाकी राजमार्गको १७९२ कि.मि (पूर्व-पश्चिम जोड्ने सडकहरुको लम्बाई ९७५ कि.मि. र उत्तर-दक्षिण जोड्ने सडकहरुको लम्बाई ८१७ कि.मि.) मध्ये ६०७ कि.मि. २ लेनको सडकको कालोपत्रे कार्य २ वर्षमा सम्पन्न गरिनेछ। दोस्रो चरणको कूल ११८५ कि.मि.सडकहरुको डिपिआर २ वर्षमा तयार गरी निर्माण कार्य ५ वर्षमा सम्पन्न गरिनेछ।

३. उत्तर-दक्षिण जोड्ने प्रमुख व्यापारिक एवं महत्वपूर्ण सडकहरुको विकास

कोशी करिडोर ३१० कि.मी.(रानी-बिराटनगर-इटहरी-धनकुटा-लेगुवा-खाँदबारी-किमाथान्का) को बांकी ८४ कि.मि. सडक ट्रयाक निर्माण २ वर्षमा सम्पन्न गर्दै ५ बर्षभित्र दुई लेनमा स्तरोन्नति कार्य समेत हुनेछ। कालीगण्डकी करिडोरको (३९० कि.मि.) मध्ये राम्दी-जोमसोम (२०२ कि.मि.) सडक कालोपत्रे स्तरमा र जोमसोम-कोरला (१०० कि.मि.) सडक दुई लेनको ग्राभेल स्तरमा ३ वर्षमा सम्पन्न गरिनेछ।

ठोरी- भण्डारा- मलेखु- गल्छी- त्रिशुली- वेत्रावती- स्याफ्रुवेशी- रसुवागढी (१८८ कि.मि.) सडकको गल्छी-रसुवागढी (८२ कि.मि.) खण्ड दुई लेनको कालोपत्रे स्तरमा निर्माण २ बर्षमा सम्पन्न गरिनेछ। ठोरी-भण्डारा-मलेखु ५ वर्षमा सम्पन्न गरिनेछ।

भिट्टामोड- ढल्केवर- सिन्धुली- मन्थली- दोलखा- सिंगटी- लामाबगर- लाप्चा (३१० कि.मि.) सडकको लामावगर-लाप्चा सडकको बांकी १८ कि.मि.ट्रयाक तथा करिव १ कि.मि. सुरुङ निर्माण गर्ने कार्य ३ वर्षमा सम्पन्न गरिनेछ। कूल ३१० कि.मि. सडकको दुई लेनमा स्तरोन्नति कार्य ३ बर्षमा प्रारम्भ गरिनेछ।

मुख्य उत्तर-दक्षिण करिडोर एवं छिमेकी दुई देश संग व्यापारको लागि प्रमुख नाकाको रुपमा रहेको वीरगंज-हेटौंडा- नारायणघाट- मुग्लीङ - काठमाण्डौं- धुलिखेल- दोलालघाट- बाह्रविसे- कोदारी (३९० कि.मि.) सडकको धुलिखेल-दोलालघाट-बाह्रविसे (६२ कि.मि.) खण्डलाई ४ लेनमा र बाह्रविसे-कोदारी खण्ड (२५ कि.मि.) लाई २ लेनमा स्तरोन्नति गर्ने कार्य ५ बर्षमा सम्पन्न गरिनेछ। वीरगंज- काठमाडौं करिडोर अर्न्तगत त्रिशुली नदीको अर्को किनारातर्फ ठिमुरा- मुग्लीङ (२७ कि.मि.) तथा मुग्लीङ -नौविसे-काठमाडौं ११० कि.मि.सडकको डिपिआर तयार गर्ने कार्य २ बर्षमा सम्पन्न गरी लेन विस्तार तथा सुदृढिकरण गर्ने कार्य ५ बर्षमा सम्पन्न गरिनेछ।

जमुनियां-नेपालगंज-बांगेसिमल-खुलालु-लैफु-सिमिकोट-हिल्सा (५२१ कि.मि.) को बांकी १४३ कि.मि. ट्रयाक निर्माण गर्ने कार्य ५ वर्षमा सम्पन्न गरी कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिनेछ ।

अन्य महत्वपूर्ण उत्तर-दक्षिण सडकहरु सालझण्डी– सन्धिखर्क– ढोरपाटन– बडहरे (१९५ कि.मि.), बाग्लुङ्ग– खारावाङ्ग– तम्घास– सन्धिखर्क– भालुवाङ (२१० कि.मि.) तथा दिक्तेल–सल्लेरी (७५ कि.मि.) सडकहरुको विकास तथा स्तरोन्नति गर्ने कार्य ५ बर्षको अवधिमा प्रारम्भ गरिनेछ ।

लुम्बिनी चक्रपथ ५०० कि.मि (लुम्बिनी– भैरहवा– त्रिवेणी– दुम्किवास – गैंडाकोट– राम्दी– रिडी– तम्घास – सन्धिखर्क– गोरुसिंघे– तौलिहवा– लुम्बिनी)को विस्तार एवं स्तरोन्नति गर्ने कार्य ५ बर्षमा सम्पन्न गरिनेछ ।

४. द्विदेशीय व्यापारिक नाका जोड्ने सडकहरुको विकास

दक्षिणी सीमा तर्फको व्यापारिक मार्ग विस्तार अर्न्तगत रानी विराटनगर ईटहरी (३० कि.मि.), जटही-जनकपुर-ढल्केवर (३६ कि.मि.), वीरगंज-पथलैया (२८ कि.मि.), बेलहिया-बुटवल (२४ कि.मि.), मोहना पुल-अतरिया-गोदावरी (२० कि.मि.) सडक चार लेनमा विस्तार/स्तरोन्नति गर्ने कार्य ३ वर्षमा सम्पन्न गरिनेछ ।

५. काठमाडौं उपत्यका सडक सुदृढिकरण

काठमाडौं– तराई जोड्ने प्रमुख मार्गहरु मध्ये काठमाण्डौं निजगढ द्रुत मार्गको निर्माण गर्ने कार्य ५ वर्षमा सम्पन्न गरिनेछ । अन्य बैकल्पिक सडकहरुमा कान्ती लोकमार्ग (९२ कि.मि.), दक्षिणकाली- छैमले- सिस्नेरी- कुलेखानी (४५ कि.मि.) सीतापाईला- धार्के (२४ कि.मि.) लाई २ लेनको कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य ४ बर्षमा सम्पन्न गरिनेछ ।

काठमाडौं उपत्यका सडक विस्तार आयोजना अन्तर्गत विस्तारमा रहेका १५७ कि.मि. मध्ये बांकि ८१ कि.मि. सडकको विस्तार गर्ने कार्यलाई ५ बर्षमा सम्पन्न गरी सडक विस्तार कार्यलाई निरन्तरता दिइनेछ । काठमाडौं चक्रपथ (२७ कि.मि.) र भक्तपुर सुर्यविनायक- धुलिखेल (१७ कि.मि.) सडक लाई चार लेनमा स्तरोन्नति गर्ने कार्य क्रमशः २ बर्षमा र ५ बर्षमा सम्पन्न गरिनेछ।

आर्थिक संभाव्यता एवं सवारी साधनको चाप अनुरूप सडकको विकास तथा विस्तार गरिनेछ । शहरीकरणको चापलाई दृष्टिगत गर्दै सुरक्षित, वातावरण मैत्री तथा अवरोध रहित Mass Transportation व्यवस्थापनमा सहयोग पुग्ने गरी सडक सञ्जालको विस्तार गरिनेछ ।

६. पुल निर्माण तथा सुरुङ्ग मार्ग विकास

रणनीतिक सडकहरुमा निर्माणाधीन २०० वटा एवं स्थानीय सडकहरुमा निर्माणाधीन करिव ४५० वटा पुलहरु गरि ६५० वटा पुलहरुको निर्माण सम्पन्न गरिनेछ । सोही अवधिमा न्यूनतम ५०० नयां पुलहरु निर्माणको बिभिन्न चरणमा रहनेछन् ।

त्रिभुवन राजपथको नागढुंगा तथा लामाबगर– लाप्चा सडकमा सुरुङ्ग मार्ग निर्माण गरिनेछ । टोखा-गुर्जेभञ्ज्याङ्ग सडक तथा सिद्धार्थ राजमार्गको सिद्धबाबा खण्ड लगायत अन्य सम्भाव्य सडक खण्डहरुमा सुरुङ्गमार्गको आर्थिक एवं प्राविधिक संभाव्यता अध्ययन शुरु गरी संभाव्यताका आधारमा निर्माण कार्य प्रारम्भ गरिनेछ ।

(आ) रेल्वे क्षेत्र अन्तर्गत प्रमुख कार्यक्रमहरु

जयनगर- जनकपुर- बर्दिबास (६९ कि.मि.) रेलमार्ग निर्माण गर्ने कार्य ३ वर्षमा सम्पन्न गरी रेल सेवा सञ्चालनमा ल्याइनेछ । मेची– महाकाली रेलमार्ग (९४५ कि.मि.) अन्तर्गत बर्दिबास- सिमरा- वीरगंज १३६ कि.मि. रेलमार्गको ट्रयाकबेड तथा पुल पुलेसाको निर्माण कार्य ४ वर्षमा सम्पन्न गरिनेछ यसै गरी बर्दिबास- काकरभिट्टा (२६२ कि.मि.) को ट्रयाक वेड तथा पुल पुलेसा निर्माण कार्य ५ वर्ष भित्र सम्पन्न गरिनेछ ।

बुटबल- गड्डाचौकी रेलमार्ग (६६७ कि.मी.) तथा निजगढ- हेटौडा- भरतपुर रेलमार्ग (१३५ कि.मि.) को बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने कार्य २ बर्षमा सम्पन्न गरी ट्र्याकबेड तथा पुल पुलेसाको निर्माण कार्य आरम्भ गरिनेछ ।

रसुवागढी- काठमाडौं- पोखरा- लुम्बिनी विद्युतीय रेलमार्ग अनुमानित ५१९ कि.मी. विद्युतीय रेलमार्गको बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने कार्य ३ वर्षमा सम्पन्न गरी निर्माण गर्ने कार्य आरम्भ गरिनेछ ।

(इ) यातायात व्यवस्थापन क्षेत्र अन्तर्गत प्रमुख कार्यक्रमहरु

काठमाडौं उपत्यकाका ३५ वाट ट्राफिक जंक्सनहरुमा Intelligent Traffic System जडान गरी Traffic Management Center को स्थापना गर्ने कार्य २ बर्षमा सम्पन्न गरिनेछ । काठमाडौं महानगर भित्र ७ कि.मि. ऐतिहासिक पैदल सम्पदा मार्ग तथा १५ कि.मि. पैदलमार्ग निर्माण गर्ने कार्य १ बर्षमा सम्पन्न गरिनेछ । बिष्णुमती- लिकंरोड- लैनचौर- धोबीघाट- बाग्मती करिडोर सडक १६ कि.मि. मा Bus Rapid Transit ५ वर्ष भित्र संचालनमा ल्याइनेछ ।

काठमाडौं उपत्यकामा छरिएर रहेका करिब २०० सार्वजनिक यातायातका रुटहरुलाई ३ तहमा वर्गिकरण तथा समूहिकृत गरी उक्त रुटहरुमा संचालन गरिने वसहरुको मापदण्ड तत्काल तोकिनेछ । आधुनिक रुट वर्गिकरण Primary Routes र Secondary Routes मा विद्युतीय टिकट प्रणाली सहितको Bus Mass Transit २ बर्षमा संचालन गरिनेछ ।

देश भरिका करीव २५ लाख सवारी चालक अनुमतिपत्र तथा सवारीधनी दर्ता प्रमाणपत्रलाई ५ वर्षमा स्मार्ट कार्डमा रुपान्तरण गरिनेछ र २५ लाख सवारी नम्बर प्लेटलाई इम्बोस्ड नम्बर प्लेटमा रुपान्तरण गरिनेछ ।

सवारी चालक अनुमतिपत्रको लागि निवेदन दिने, सवारी साधनको दर्ताको निवेदन, नवीकरण दस्तुर लगायत राजश्व तिर्ने कार्यहरु अनलाइनबाट गर्न सकिने व्यवस्था १ बर्षमा गरिनेछ । सवै सार्वजनिक सवारीमा कायम रहेको Syndicate प्रणालीको अन्त्य १ बर्षमा गरिनेछ ।

(ई) कोशी, गण्डकी, कर्णाली लगायतका नदीहरुमा जल यातायातको संभाव्यता अध्ययन गरि कार्य अघि बढाईनेछ । संभाव्य स्थलहरुमा रज्जुमार्गको निर्माण/सञ्चालन हुनेछ ।

माथि उल्लिखित कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा सामाजिक एवं वातावरणीय पक्षलाई ध्यान दिइनेछ । सार्वजनिक निर्माणमा परम्परागत विधिको अलावा आधुनिक विधिहरु समेत अवलम्बन गरिनेछ । मन्त्रालय एवं विभागहरुको संरचना समय सापेक्ष एवं संघीयता अनुकूल बनाइनेछ ।

आगामी पाँच बर्षको अनुमानित बजेट,

उल्लिखित कार्यक्रमहरु संचालन गर्न आगामी पांच बर्षको लागि नियमित बार्षिक विनियोजनका अलावा ०७३।७४ मा १०५ अर्ब, ७४।७५ मा १५० अर्ब, ०७५।७६ मा १७७ अर्ब, ०७६।७७ मा १८७ अर्ब र ०७७।७८ मा १९७ अर्ब गरी कुल ८१६ अर्ब बजेट आवश्यक पर्ने देखिन्छ ।

पाँच वर्षको अवधिमा आवश्यक पर्ने ८१६ अरव नेपाल सरकारको आन्तरिक स्रोत र विभिन्न दातृ निकाय, विकास साझेदार तथा मित्र राष्ट्रहरुवाट सहयोग एवं आन्तरिक ऋण परिचालनको माध्यमबाट प्रबन्ध गरिनेछ ।

मिति: २०७३/०१/०५